# निक्षेप तथा कर्जा सुरक्षण कोष

०१-४४१०६५९
फोन नं. ०१-४४२१२४१
०१-४४१७६०२
फ्याक्स नं. ९७७-४४३१७१०
E-mail: info@dcgf.gov.np
info@dcgf.org.np
Website: www.dcgf.gov.np
टंगाल, काठमाडौं


## बढुवा तथा आन्तरिक प्रतियोगितातर्फ दरखास्त/आवेदन पेश गर्ने सम्बन्धी थप जानकारी

**सूचना प्रकाशन मिति : २०७९/१०/१३**

मिति २०७९/१०/१३ मा गोरखापत्र दैनिकमा प्रकाशित कोषको आन्तरिक प्रतियोगिता तथा कार्यक्षमताको मूल्यांकनद्धारा हुने बढुवा सम्बन्धी सूचनाको सम्वन्धमा देहाय बमोजिमको थप व्यहोरा जानकारीको लागि प्रकाशन गरिएको छ ।

१. आवेदन पेश गर्न कोषको कर्मचारी सेवा, शर्त सम्बन्धी विनियमावली २०७४ (संशोधन सहित) को व्यवस्था बमोजिम न्यूनतम सेवा अवधि पूरा भएका, न्यूनतम शैक्षिक योग्यता हासिल भएका र विनियमावलीको अन्य व्यवस्था तथा प्रचलित कानुन बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

२. आन्तरिक प्रतियोगिता तर्फ तह ६ का लागि आवेदन दस्तुर रु. ७०० र कार्यक्षमताको मूल्यांकनद्धारा बढुवा तर्फ आवेदन दस्तुर तह ९ का लागि रु ११०० तह ८ का लागि रु.९०० तह ७ का लागि रु.८०० तह ६ का लागि रु. ७०० तोकिएको छ । तोकिएको आवेदन दस्तुर कोषको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक, टंगाल शाखा स्थित चल्ती खाता नं ११६०००० ३६७०१ मा जम्मा गरी सोको सक्कल भौचर दरखास्त साथ संलग्न हुनुपर्नेछ । दरखास्त पेश गर्ने अन्तिम दिन बिदा परेमा सो पश्चात कार्यालय खुलेको दिन दरखास्त पेश गर्न सकिनेछ ।

३. आवेदनसाथ पेश गर्नुपर्ने हालको पदको नियुक्ति पत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरु तथा अन्य आवश्यक विवरणको प्रतिलिपि स्वयंद्धारा प्रमाणित गरिएको हुनुपर्नेछ ।

४. लिखित परीक्षाको पाठ्यक्रम कोषको वेभसाइटबाट प्राप्त गर्न सकिनेछ ।

५. लिखित परीक्षा सञ्चालन हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशन गरिने छ ।

६.सूचनामा नतोकिएको विषय कोषको कर्मचारी सेवा, शर्त सम्बन्धी विनियमावली, २०७४ (संशोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

सदस्य सचिव

पदपूर्ति समिति

Scan with Fast Scan